फुङलिङ नगरपालिका

# आर्थिक वर्ष ०७५/७६ को विनियोजन ऐन

ताप्लेजुङ जिल्ला

१ नं. प्रदेश नेपाल

**फुङलिङ नगर कार्यपालिकाको विनियोजन ऐन २०७५**

फुङलिङ नगर कार्यपालिकाको आर्थिक वर्ष ०७५/७६ को सेवा र कार्यहरुको लागि स्थानीय संचित कोषवाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन।

सभाबाट स्वीकृत मितिः२०७५/३/२४

**प्रस्तावनाः-** फुङलिङ नगरपालिकाको आर्थिक बर्ष ०७५/७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम फुङलिङ नगर सभाले यो ऐन बनाएको छ।

१ **संक्षिप्त नाम र प्रारम्भः-**

(१) यस ऐनको नाम "फुङलिङ नगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२ **आर्थिक वर्ष २०७५/७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः-**

(१) आर्थिक वर्ष ०७५/७६ को निमित्त फुङलिङ नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च र पूँजिगत खर्च समेत गरी जम्मा रकम रु.४९८६०६४००/- अक्षेरुपी उन्पचास करोड छयासी लाख छहजार चारसय र रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३ **विनियोजनः-**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष ०७५/७६ को निमित्त फुङलिङ नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षाकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शिर्षाकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च तर्फ विनियोजित रकम अन्य चालू खर्च शिर्षक तर्फ सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च व्यहोर्ने एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिने छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्नु परेमा नगर सभाको स्वीकृति लिनु पर्ने छ।

**अनुसूचि -१**

**(दफा २ संग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

**सञ्चित कोषबाट विनियोजन हुने रकम**

रु. हजारमा

| क्र. सं. | शिर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | नगरपालिकाको कुल बजेट रु. | ३२,६७,४५,४००/- | १७,१८,६१,०००/- | ४९,८६,०६,४००/- | सशर्त अनुदान र सामाजिक सुरक्षा चालुमा समाबेश |